आज मिति २०७७ असार जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाज्यूको अध्यक्षतामा विपद् व्यवस्थापन बैठक बसी देहायको निर्णय गरियो ।

तपशिल

| सि.नं. | कार्यालय | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १) | जिल्ला प्रशासन कार्यालय, जुम्ला | भूपेन्द्र थापा | प्र.जि.अ. | |
| २) | चन्दननाथ नगरपालिका | कान्तिका सेजुवाल | मेयर | |
| ३) | तातोपानी गाँउपालिका, जुम्ला | नवराज न्यौपाने | अध्यक्ष | |
| ४) | तिला गाँउपालिका, जुम्ला | रतननाथ योगी | अध्यक्ष | |
| ५) | हिमा गाँउपालिका, जुम्ला | रज बहादुर शाही | अध्यक्ष | |
| ६) | कनकासुन्दरी गाँउपालिका, जुम्ला | नरविर रावत | अध्यक्ष | |
| ७) | पातारासी गाँउपालिका, जुम्ला | लछिमन बोहोरा | अध्यक्ष | |
| ८) | गुठिचौर गाँउपालिका, जुम्ला | हरि बहादुर भण्डारी | अध्यक्ष | |
| ९) | सिंजा गाँउपालिका, जुम्ला | देवल सिंह रावल | अध्यक्ष | |
| | जिल्ला समन्वय समिति, जुम्ला | रविबाबु पोखरेल | स. अधिकारी | |
| १०) | नन्दा बक्स गण, जुम्ला | दिवाकर रायमाझी | प्र.से. | |
| ११) | सशस्त्र प्रहरी बल नं.३३, जुम्ला | गगन श्रेष्ठ | स.प्र.ना.उ. | |
| १२) | जिल्ला प्रहरी कार्यालय, जुम्ला | लाल ब. धामी | प्र.ना.उ. | |
| १३) | राष्ट्रिय अनुसन्धान कार्यालय, जुम्ला | भानुभक्त शर्मा | अ.अ. | |
| १४) | कर्णाली स्वा. वि. प्रतिष्ठान, जुम्ला | विश्वराज काफ्ले | रजिष्ट्रार | |
| १५) | जिल्ला जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला | कृष्ण सापकोटा | ज. स्वा. अ. | |
| १६) | गैह्र सरकारी संस्था महासंघ, जुम्ला | मेघराज न्यौपाने | सचिव | |
| १७) | जुम्ला उद्योग वाणिज्य संघ, जुम्ला | रज्जब अलि मनियार | अध्यक्ष | |
| १८) | नेपाल पत्रकार महासंघ, जुम्ला | | | |
| १९) | जिल्ला प्रशासन कार्यालय, जुम्ला | ओम प्रकाश देवकोटा | स.प्र.जि.अ | |
| २० | जिल्ला समन्वय समिति को कार्यालय जुम्ला | नानी बाबु पोखरेल | जि स अ | [illegible] |

निर्णयहरू:-

नि.नं. १. COVID -19 का कारण मृत्यु हुने व्यक्तिको शव व्यवस्थापनका लागि आवश्यक सवारी साधनको रूपमा प्रत्येक स्थानीय तहले एक/एक वटा ट्रयाक्टर भाडामा लिने र दाहसंस्कार गर्ने स्थान प्रत्येक स्थानीय तहले तोक्ने तथा त्यसरी तोकिएको स्थान, सवारी साधन नं. र चालकको सम्पर्क नं. जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराउने।

नि.नं. २. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ को मस्यौदा निर्माण गर्न सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा विषयगत कार्यालयका प्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधि र DRR सम्बन्धी कार्य गर्ने गै.स.स. का प्रतिनिधि रहेने गरी कार्यदल गठन गर्ने।

नि.नं. ३. प्रत्येक स्थानीय तह अन्तर्गत क्वारेन्टाईन स्थलका रूपमा रहेका विद्यालयहरूको निर्मलीकरण (Disinfect) गर्न त्यस स्थानीय तहमा काम गर्ने गै.स.स. ले स्थानीय तहसँग दोहोरोपना तथा नछुट्ने गरी समन्वय र सहकार्य गर्ने।

नि.नं. ४. लकडाउनको अवधिमा भित्रिएका व्यक्तिहरूको प्रत्येक स्थानीय तहले अभिलेख तयार गरी जिल्ला विपद् व्यवस्थापन समितिलाई २०७७/०४/०७ गते भित्र पठाउने।

नि.नं. ५. भारत तथा मूलुकको अन्य स्थानबाट जुम्ला आउने व्यक्तिहरूको चाप कम हुँदै गईरहेकाले जिल्ला विपद् व्यवस्थापन समितिको पूर्व निर्णय बमोजिम स्थापना गरिएको नाग्म हेल्थ डेस्कलाई आवश्यकता परेको बखत संचालन गर्ने गरी हाललाई स्थगन गर्ने।

नि.नं. ६. सम्भावित विपद्को घटनाहरूबाट हुन सक्ने घाईतेहरूको उपचार गर्नका लागि प्राथमिक रूपमा प्रत्येक स्थानीय तहले आवश्यक जनशक्ति सहितको स्वास्थ्य संस्था तोक्ने र सोको जानकारी जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराउने तथा जटिल प्रकृतिको उपचारका लागि तयार रहन कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लालाई अनुरोध गर्ने।

नि.नं. ७. विपद् प्रभावितलाई उद्धार गरी राख्नको लागि विपद् पूर्वतयारी र प्रतिकार्य योजना निर्माणलाई समेत सहयोग पुग्ने गरी प्रत्येक स्थानीय तहले खुला क्षेत्रहरूको पहिचान गरी जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराउने।

नि.नं. ८. मनसुन जन्य विपद् र कोभिड – १९ संक्रमणको रोकथाम, नियन्त्रण, उपचार र प्रतिकार्य एकीकृत रूपमा गर्ने विषयमा प्रत्येक स्थानीय तहले स्थानीय संचार माध्यमबाट सूचना प्रवाह गर्ने व्यवस्था मिलाउने।

नि.नं. ९. बाढी, पहिरो, आगलागी जस्ता विपद्का घटना घट्ने वित्तिकै तत्काल उद्दार, राहत र पुनर्स्थापना कार्यमा खटिने सुरक्षाकर्मी सहितका आवश्यक जनशक्ति, स्रोत साधनको तत्काल परिचालन हुन सक्ने गरी तयारी अवस्थामा रहने।

नि.नं. १०. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को व्यवस्था अनुसार प्रत्येक स्थानीय तहले विपद् पूर्वतयारी र पूर्वकार्य योजनाका लागि स्थानीय तह र वडा स्तरीय समिति गठन गर्ने र सोको जानकारी जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराउने।